9

उत्सव

भारतीय भित्तेपात्रो अनुसार उत्तरायणका सबै पर्वहरू, जस्तै- मकर संक्रान्ति, पोङ्गल, बिहू र लोहडीले हिउँद देखि ग्रीष्म ऋतु परिवर्तनको सुरुवातको सङ्केत दिन्छ। यी पर्वहरूले घमाइलो दिनको आगमन र फसलको मौसम सुरु भएको सुचना दिन्छ। बालबालिकाहरूले आफ्ना परिवारसँग मनाउने स्थानीय चाडपर्वहरूबारे चर्चा गर्नुहोस्। चित्रले प्रमुख रूपले देखाएको चाडपर्वका मुख्य पक्षहरू अनि विभिन्न आकार र ढाँचाहरूका बारेमा बालबालिकाहरूसँग चर्चा गर्न सकिन्छ।

© NCERT
not to be republished

ढाँचालाई लम्ब्याउन चित्र कोर्दै जानुहोस्।

A. 

B. 

C. 

D. 

E. 

F. 

G. 

H. 

बालबालिकाहरूलाई ढाँचा बनाउन ठोस वस्तुहरूको प्रयोग गर्न प्रेरणा दिनुहोस्।

© NCERT not to be republished

हामी गरौँ

मुन्नालाई रङ्ग लगाउन साह्रै मनपर्छ। उसले बुढी औँला र औँलाहरूको छापले चित्र बनाएको छ। तपाईंले पनि तल दिइएको रिक्त स्थानमा तपाईंको बुढी औँला र औँलाहरूको छापले चित्र बनाउनुहोस्।







कुन रङ्ग गुलाबी रङ्गपछि आउँछ र किन? चर्चा गर्नुहोस्।

बालबालिकाहरूलाई भिन्न प्रकारका सागसब्जीहरू सङ्ग्रह गर्न र ठुलाहरूको सहयोगमा सानो टुक्रामा काट्न लगाउनुहोस्। यी सागसब्जीका टुक्राहरूले आफुलाई मनपर्ने केही चित्रहरू बनाउनुहोस्।

© NCERT not to be republished

ढाँचाहरू हेर्नुहोस् र रङ्ग लगाउँदै तिनीहरूलाई फैलाउनुहोस्।



ढाँचा पुरा गर्नुहोस्।



© NCERT not to be republished

ढाँचालाई बुझेहोस् र छुटेका सङ्ख्याहरू लेख्नुहोस्।







© NCERT not to be republished

मुर्थी र वाणीले 'रङ्गोली' बनाउनमा आफ्नी आमालाई सघाई रहेका छन्। तपाईंले पनि तलका 'कोलाम' पूर्ण गर्न उनीहरूको सहायता गर्न सक्नुहुन्छ।



परियोजना कार्य

A. साना ढुङ्गाहरू, फूलहरू, पातहरू, ग्लासहरू, कचौराहरू, सलाईहरू, चुराहरू, सिक्काहरू, बोतलका ढक्कनहरू आदि जम्मा गर्नुहोस् र ढाँचा बनाउनुहोस्। गहनाहरू, फुलदानी सजावट, चित्रकला सो-पीस आदिका भिन्न-भिन्न ढाँचा बनाउनुहोस्।

B. वरिपरिका प्राकृतिक ढाँचाहरू, जस्तै- पातहरू, पुतलीहरू, पशुहरूका आवरण (बिरालो, कुक्कुर, जेब्रा, बाघ), पर्दाहरू, सारीहरू, दुपट्टाहरू, टाइलहरू, मौरीका चाखाहरू आदिमा ढाँचा खोज्नुहोस र अवलोकन गर्नुहोस्।

C. वरिपरिका विभिन्न वस्तुहरू जम्मा गर्नुहोस् र एउटा कोलाज बनाउनुहोस्।

D. ताली बजाउने, चुट्की बजाउने, खुट्टा बजार्ने, आदि, जस्ता विभिन्न क्रियाहरूको प्रयोग गरेर ढाँचा बनाउनुहोस्।

हाम्रो सम्पूर्ण विश्वभरि नै आकारहरू छन्। आफ्ना वरिपरि भएका मन्दिर, मस्जिद, गिर्जाघर, गुरुद्वारा र स्मारकहरूमा बनेका ढाँचाहरू निरीक्षण गरेर बालबालिकाहरूलाई भारतीय बहुमूल्य सम्पदाको कदर गर्न प्रेरित गर्नुहोस्। उनीहरूले निरीक्षण गरेका विभिन्न कलाकृतिका ढाँचाहरू, नृत्यकलाका हाउभावका ढाँचाहरू भन्न लगाउनुहोस्।

© NCERT not to be republished